**नेपाल नागरिक उड्डयन प्राधिकरण**

प्रशासन सेवा, प्रशासन समूह/उपसमूह, आठौ तह, उपप्रवन्धक पदको

नमूना प्रश्नपत्र

**पत्र : प्रथम**

**समय : ३ घण्टा**

**विषय : प्रशासन र व्यवस्थापन** **पूर्णाङ्क १००**

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

**खण्ड क** **५० अङ्क**

१. सार्वजनिक व्यवस्थापनको नवीनतम अवधारणा (New Concept) को बारेमा लेख्नुहोस । नेपाल नागरिक उड्डयन प्राधिकरणमा यसको प्रयोग कुन हदसम्म भएको पाउनु भएको छ ? उल्लेख गर्नुहोस् ।५+५ =१०

२. विमानस्थल व्यवस्थापनलाई सक्षम, सुरक्षित र भरपर्दो तवरले संचालन गर्न ध्यान दिनुपर्ने प्रमुख पक्षहरुको विवेचना गर्नुहोस् । यसका विविध पक्षको व्यवस्थापनको लागि के कस्ता अवधारणाहरु विकसित भएका छन् ? नेपालको परिप्रेक्ष्यमा विश्लेषण गर्नुहोस् । २०

३. सदाचारिता र नैतिकता राष्ट्रसेवक कर्मचारीका गहना हुन् । यिनको विचलनमा भ्रष्टाचारजन्य क्रियाकलापले मौलाउने अवसर पाउँछन् । पछिल्लो चरणमा राष्ट्रसेवक कर्मचारीमा सदाचारिता र नैतिकता हराउँदै गएकोले भ्रष्टाचारजन्य क्रियाकलाप बढ्दै गएको विभिन्न अध्ययन तथा सर्वेक्षणले देखाएका छन् । राष्ट्रसेवक कर्मचारीहरुमा सदाचारिता र नैतिकता हराउँदै जानु र भ्रष्टाचार बढ्दै जानुका कारणहरु उल्लेख गर्दै कार्यसम्पादनमा जवाफदेहहीता र पाददर्शिता ल्याउन र भ्रष्टाचार नियन्त्रण गर्न कस्तो कदम चाल्नुपर्ला ? आफ्ना मौलिक सुझावहरु प्रस्तुत गर्नुहोस् । ६+६+८=२०

**खण्ड ख** **५० अङ्क**

४. नेपालले दिगो विकासका लक्ष्य प्राप्त गर्ने प्रक्रियामा आउन सक्ने चुनौती र यसको सामना गर्न अवलम्बन गर्नुपर्ने उपायहरु वर्णन गर्नुहोस् । ५+५=१०

५. नेपालका ट्रेड युनियनहरु पेशागत हकहित भन्दा बाहिर गई परिचालित भई राखेका, यसबाट प्रशासनको सर्वमान्य मूल्य र मान्यता ह्रास हुँदै गएको आलोचना भईरहेको सन्दर्भमा प्रचलित कानुको विश्लेषण सहित समस्याको समाधान गर्नुहोस । २०

६. सार्वजनिक वित्त व्यवस्थापनका क्षेत्रमा बजेट तर्जुमाको सिद्धान्त, मान्यता (Norms) र प्रक्रियाले धेरै फड्को मारिसकेको भएता पनी नेपाल जस्ता कम विकसित अर्थतन्त्र भएको मुलुकमा बजेट तर्जुमा र कार्यान्वयन बीचको खाडल पुरिदै गएको आभास हुदैन । बजेट तर्जुमा गर्दा अवास्तविक अपेक्षा एवं राजनीतिक स्वार्थ र क्षणिक लोकप्रियताबाट प्रेरित तथा प्रभावित हुनुका साथै तथ्य, प्रमाण र अनुभवमा कम आधारित हुने गरेका कारण यसको कार्यान्वयनसंग समवद्ध निकायहरु उदासीन, अप्रतिवद्ध एवं गैर जवाफदेही हुने गरेका देखिन्छ । नेपाल संघीय शासन प्रणालीमा गइसकेको परिप्रेक्ष्यमा प्रदेश र स्थानीय सरकारका लागि समेत राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगद्वारा स्वीकृत मापदण्डका आधारमा अनुदान उपलब्ध गराउनुपर्ने सन्दर्भमा समेत बजेट तर्जुमा कार्य झन् चुनौतीपूर्ण बन्ने चर्चा छ । यस परिप्रेक्ष्यमा, बजेट तर्जुमा र कार्यान्वयनका मुख्य मुख्य समस्याहरु केलाई तिनको पहिचान, प्राथमिकीकरण र उपचारका उपायहरुलाई सिलसिलावद्ध ढंगबाट उल्लेख गर्दै कार्यान्वयन योग्य कार्य योजनासमेत प्रस्तुत गर्नुहोस् । २०

**समाप्त**

**नेपाल नागरिक उड्डयन प्राधिकरण**

प्रशासन सेवा, प्रशासन समूह/उपसमूह, आठौ तह, उपप्रवन्धक पदको

नमूना प्रश्नपत्र

**पत्र : द्वितीय**
**समय : ३ घण्टा**

**विषय : सेवा सम्बन्धी** **पूर्णाङ्क १००**

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

**खण्ड क** **५० अङ्क**

१. नेपालको नागरिक उड्डयन क्षेत्रको विकाशक्रम संग संगै यसको नियमन गर्नका लागि विभिन्न ऐन नियम तर्जुमा भै संशोधन समेत भए मूलतः यस क्षेत्रको लागि गैर सैनिक हवाई उडान ऐन २०५८, नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन २०५३, नागरिक उड्डयन नियमावली २०५८ कार्यान्वयनमा ल्याइएको छ । नेपालको नागरिक उड्डयन क्षेत्रको नियमन गर्ने प्रमुख निकाय पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय तथा ने.ना.उ.प्रा. ले नागरिक उड्डयन क्षेत्रको विकासमा खेलेको भूमिकाको चर्चा गर्दै विद्यमान उल्लेखित ऐन तथा नियमावलीका सवल पक्ष र दुर्वल पक्षको विश्लेषण गर्दै सुझावको लागि उपयुक्त तर्क प्रस्तुत गर्नुहोस् । २०

२. नागरिक उड्डयन प्राधिकरण एक स्वायत्त संस्थाको हैसियतमा २० वर्ष देखि नेपालको हवाई यातायात तथा विमानस्थलहरुको सुरक्षित नियमित र स्तरीय रुपमा संचालन गर्ने निकायका रुपमा परिचित हुदै आएको छ । विमानस्थल निर्माण, विकास र संचालनका निमित्त एवं हवाई संचार, हवाई पथ प्रदर्शनको उचित व्यवस्थापन गर्नका लागि विमानस्थलसंग सम्वन्धित निर्माण, वस्तु तथा सेवा एवं परामर्श खरिद गर्नका लागि प्राधिकरण एक स्वायत्त संस्था हुँदा हुदै पनि खरिदसंग सम्बन्धित यसका आफ्नै ऐन कानून छैन, सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ को प्रयोग गर्नु परेको छ । एउटा स्वायत्त संस्थाका लागि आफ्नै छुट्टै खरिद नियमावली तथा ऐनको आवश्यकता र उपादेयताको चर्चा गर्दै वर्तमान खरिद प्रणालीको समीक्षा गर्नुहोस् । २०

३. मुलुकको पर्यटकीय विकासका निमित्त सो देशको हवाई यातायात एवं हवाई उद्योगको महत्वपूर्ण भूमिका रहन्छ भन्ने विचारलाई तथ्य र तर्क सहित पुष्टि गर्नुहोस् । १०

**खण्ड ख** **५० अङ्क**

४. संविधान मूलुकको मूल कानूनको दस्तावेज हो । प्रत्येक राजनैतिक परिवर्तनको उपलव्धीको रक्षा गर्ने वैधानिक आधार पुस्तिका समेतका रुपमा यसलाई लिइएको हुन्छ । नेपालको राजनैतिक इतिहासमा राणाकालिन शासनको अन्त्य संगै हालको लोकतान्त्रिक गणतन्त्रात्मक प्राप्ति सम्म आईपुग्दा देशले विभिन्न तरीकाबाट संविधानको निर्माण र राज्य व्यवस्था प्राप्त गर्दै आएको छ । सो समयदेखि विभिन्न समय मुलुकलाई प्राप्त संविधानहरुको मूल मर्मको चर्चा गर्दै वर्तमानमा नेपालको संविधान २०७२ को आधारभूत विशेषताहरुको व्याख्या गर्नुहोस् । २०

५. मानव संशाधन कुनै पनि संस्थालाई अधिकतम लक्ष्य हासिल गर्नका लाग परिचालित हुने सबैभन्दा उत्तम स्रोत मानिन्छ । संस्थाका लागि योग्य र सक्षम जनशक्ति उपयुक्त समयमा उपलव्ध गर्न सक्नु र तीनलाई दीर्घकालसम्म संस्थामा राखी उपयुक्त ढंगले परिचालन गर्न मानवस्रोत व्यवस्थापनको अग्रणी भूमिका रहन्छ । ने.ना.उ.प्रा.मा जनशक्ति व्यवस्थापन सम्वन्धी प्रणालीको सवल पक्ष र दुर्वल पक्षको विश्लेषण गर्दै परिस्कृत र वैज्ञानिक मानवस्रोत व्यवस्थापनका लागि सुझाव समेत पेश गर्नुहोस् । २०

६. भ्रष्टाचारको अर्थलाई सरल ढंगले प्रष्ट्याउँदै नेपालको सन्दर्भमा भ्रष्टाचार नियन्त्रण गर्नका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले खेल्दै आएको भूमिका कतिको प्रभावकारी देख्नु हुन्छ ? समीक्षा गर्नुहोस् । १०

**समाप्त**